# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : १४४

मितिः २०७९/०४/१२

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका मन्त्री, सचिव, नेपाल दुरसञ्चार प्राधिकरणका प्रमुख तथा सम्वद्ध पदाधिकारीहरुसँग नेपाल टेलिकमको सेवाको गुणस्तर, ग्रामीण दूरसञ्चार विकास कोष कार्यान्वयनको अवस्था र अन्य विविध विषयमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्वद्ध निकायहरुबाट सञ्चार सम्बन्धी सेवाहरु जडान तथा विस्तार गर्ने कार्यमा सरकारका विभिन्न निकायहरुबाट गरिने सेवा ( खानेपानी, ढल, विद्युत र सडक लगायत) विस्तारका कार्यहरुले सञ्चार प्रविधिसँग सम्बन्धित भूमिगत उपकरणहरुमा क्षति पुगिरहेको देखिएकोले यस्ता पूर्वाधारहरुमा क्षति नपुग्ने गरी निर्माणको कार्य प्रारम्भ गर्नु अगावै अनिवार्य रुपमा सम्वद्ध निकायहरुका बीचमा समन्वय गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ, साथै त्यस्तो कार्यलाई व्यवस्थित गर्ने युटिलिटि कोरिडोर सम्बन्धी विधेयक तत्काल पेश गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शहरी विकास मन्त्रालयलाई ध्यानाकर्षणका साथ पुनः निर्देश गर्दछ ।

२ नेपाल टेलिकमको सेवा विस्तार गर्न र यसको गुणस्तरमा सुधार ल्याउन टेलिकमको BTS टावर पनि उपयुक्त स्थानहरुमा सँग-सँगै जडान गर्दै जानु पर्ने जरुरी हुन्छ । हाल आम नागरिकहरुको निजी निवासमा राखिएका टावरहरु समेत हटाउन दवाव बढ्दै गइरहेको विषयलाई ध्यानमा राखि नेपाल सरकारका विभिन्न निकायहरुबाट निर्माण गरिने भवनहरुमा नै त्यस्ता टावरहरु जडान गर्न मिल्ने गरी आवश्यक मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ गत आ.व. मै नेपाल टेलिकमको सेवा प्रभावकारी, गुणस्तरीय र आम नागरिकको आवश्यकता अनुरुपको बनाउने गरी स्पष्ट कार्ययोजना ३०(तीस) दिनभित्र र नेपाल टेलिकमका २२८ वटा टावर मार्फत 4G सेवा विस्तार गर्ने कार्ययोजना १५(पन्ध्र) दिनभित्र तयार गरी समिति समक्ष पेश गर्न समितिको मिति २०७८/०९/१९ गतेको बैठकबाट निर्देशन भएकोमा उक्त निर्देशनको सम्बन्धमा के-कस्तो कार्ययोजना मन्त्रालयबाट बनाइयो समितिलाई पुनः जानकारी गराउनका साथै यस सम्बन्धी

चालू आ.व. को कार्ययोजना १५(पन्ध्र) दिनभित्र तयार गरी समितिमा पेश गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४ नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको नेपाल टेलिकमको योजनामा रहेर पनि हालसम्म निर्माण कार्य प्रारम्भ नभएको, टावर निर्माणको कार्यमा लक्ष्य अनुसार उल्लेख्य प्रगति नभएको, निर्माण भएका टावरहरुको पनि निर्धारित गुणस्तर नभएको लगायतका विविध समस्याहरुको अध्ययन गरी समस्या समाधान गर्ने गरी यथाशिघ्र समितिमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमलाई निर्देश गर्दछ ।

५ नेपाल दूरसञ्चार विकास कोषबाट सञ्चालित इन्टरनेट सेवा विस्तारका कार्यहरु लक्ष्य तथा अपेक्षा अनुसार अगाडि बढ्न नसकेको आम रुपमै महशुस गरिएको छ । यसको सेवा गुणस्तरयुक्त बनाई छिटो छरितो रुपमा सेवा विस्तार गर्ने चालू आ.व. को स्पष्ट कार्ययोजना १५(पन्ध्र) दिनभित्र पेश गर्न साथै हरेक नागरिकहरुको दैनिक कार्यसम्पादन सँग अपरिहार्य भईसकेको इन्टरनेट सेवा आम नागरिकहरुले उपभोग गर्न सक्ने गरी सहज र सुपथ बनाउने व्यवस्था मिलाउन समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

| | |
|---|---|
| ........................................ | ........................................ |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |